## थप बिचार

**बैद्यनाथ उपाध्याय**

**पूर्व न्यायाधीश सर्वोच्च अदालत**

**पूर्वन्यायाधीश फोरमको मिति २०७५।०८।२४ मा बसेको साधारण सभाको निर्णयबाट यो समिति गठन भएको हो। पूर्व माननीय न्यायाधीश श्रीपवन कुमार ओझाले प्रस्तुत गर्नु भएको कार्यपत्रको सन्दर्भमा बर्तमान न्यायपालिकाको स्थिति बारे फोरमले के कसो गर्नु पर्नेहो सोको प्रतिवेदन कार्य समितिमा पेश गर्नु पर्ने जिम्मेदारी यस समितिलाई दिएको थियो। तदनुरुप उक्त कार्यपत्रमा ब्यापक छलफल भयो। कार्यपत्रमा नपरेका तर न्यायपालिका विबादमा आइरहने थप बिषयहरुमा पनि बृहद छलफल भयो। उक्त कार्यपत्रमा नपरेका थप बुँदाहरु राखी मस्यौदा तयार गरी पुनः छलफल गर्ने तय भयो। बिभिन्न कारणबस लामो लामो समयको अन्तरालमा बैठक बस्नाले न्यायपालिकाको तत्कालको समस्या र सन्दर्भमा निकै भिन्नता आई नयाँ नयाँ बिबाद आउन थाल्यो। अन्ततः प्रतिवेदन त तयार भयो तर त्यो माननीय पूर्ब न्यायाधीश श्रीपवन कुमार ओझाको कार्यपत्रको परिस्कृत र परिमार्जित रुपमा मात्र । प्रतिवेदनमा परेका बिषयमा बिमती हुनुपर्ने कुनै कारण म देख्दिन। तर, पूर्व मा.न्या.को कार्यपत्रलाई परिष्कृत वा परिमार्जन गर्ने कार्यादेश समितीले पाएको होईन। साधारण सभाले समितिबाट अपेक्षा गरे अनुरुप यस प्रतिवेदनले बर्तमान न्यायपालिकाको स्थिति बारे फोरमले के कसो गर्नु पर्नेहो त्यो मार्ग प्रसस्त गरेको छ त? भन्ने सम्मको मेरो सोंच हो।**

**प्रतिवेदनमा उल्लेखित विषय बाहेक अन्य धेरै बिषयमा बाहिर बिवादहरु आएका छन्। तत्काल समितिका सदस्यले देखेका बिषयमात्र प्रतिवेदनमा पर्न सक्छन्। सबै बिषयमा बिस्तृत बिचार गर्न सरोकार पर्ने सबै पक्षसँग छलफल गर्नु**

पर्ने पनि हुनसक्छ। न्यायपालिकाको सम्मानमा आँच आउने तबरका छापा र हल्ला बिगतदेखि हुने गरेको छ। सबै कमिकमजोरि बिषयमा बिस्तार गरी सम्बोधन गर्नु निकै बोझिलो हुनजान्छ। न्यायपालिकाको सम्पूर्ण बिषयमा अनुसन्धात्मक सोधकार्य गर्ने कार्यादेश नत यस समितिले पाएको छ नत समय, बजेट र ब्यबस्थापनको आधारबाट सम्भबनै छ। साधारण सभाको उक्त निर्णय हुँदा सम्म तत्कालको वर्तमान अबस्थाका घटनासम्ममा सीमित हुनु पर्ने हो वा राय प्रतिवेदन तयार हुँदासम्म पछिका घटना समेतको बिबेचना गरी सो बिषयमा कार्य समितिले सम्बोधन गर्न पर्ने भनी प्रतिवेदन पेश गर्नु पर्ने हो ? द्वबिधा जनक छ। निर्णय हुँदाका अबस्थादेखि अहिलेसम्मको अनतरालमामा निकै परिवर्तन आइसकेको छ र नयाँ किसिमका समस्याहरु पनि देखापर्न थालेका छन् तथा सन्दर्भ पनि फरक भइसकेको छ। न्यायपालिकामा बिगतमा भएका असल र खराबको ईतिहाँस कोट्याई सबै कुरा एकै पटक भन्न साध्य पनि हुँदैन। यो त समय समयमा जानकारी वा समाचारमा आएका सन्दर्भमा तत् तत् समयमा दिईने फोरमको अभिब्यक्ति हुनु पर्दछ। तसर्थ, न्यायपालिका सन्दर्भमा समय समयमा आएका बिबादहरुको विषयमा कुनै गम्भिर प्रश्न उठेमा तत्कलनै फोरमको धारणा आउनु उपयुक्त हुन्छ भन्ने मेरो धारणा छ।

तसर्थ,

न्यायपालिका सम्बन्ध कुनै गंभीर बिषयमा समाचार आएमा सो बिषयमा छलफल गरी फोरमको धारणा स्पष्ट पार्नु पर्छ। त्यस प्रयोजनकोलागी कार्य समितिको बैठक आबस्यक्ता अनुसार र महिनामा कम्तिमा एक पटक बस्नु पर्ने हुन्छ। फोरमको बैठक बराबर बस्ने गरेमा यस्को धारणा तत्कालै प्रकाशित गर्न सहज हुन्

इति सम्बत २०७६ साल १९ गते बिहिबार शुभम्